**"संस्थागत विकासका लागि स्थलगत अनुशिक्षण" विषयक एक दिने तालिम सम्पन्न :** यस आरएसडिसी लघुवित्त वित्तीय संस्थाले कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लामा **"संस्थागत विकासका लागि स्थलगत अनुशिक्षण"** विषयक १ दिने तालिम सम्पन्न गरेको छ । वित्तीय संस्थाले मिति २०७४ फाल्गुण २६ देखी ३० गते सम्म, उक्त जिल्लाहरुमा अवस्थित ५ साझेदार संस्थाहरुमा एक/एक दिनका दरले स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको हो । उक्त अनुशिक्षण कार्यक्रममा, ३ जिल्लाका ५ सहकारी संस्थाका, सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा कर्मचारी गरि जम्मा १५९ जनाको सहभागिता रहेको थियो ।





**तालिमको विषय बस्तु :** वित्तीय संस्थाले आयोजना गरेको 'संस्थागत विकासका लागि स्थलगत अनुशिक्षण' एक दिने तालिममा निम्न विषयहरु समेटिएका थिए :

- सहकारीका साझा सवालहरु
- सहकारीको सिद्धान्त र अवधारणा
- कार्य सञ्चालन/निर्णय प्रकृया
  - संचालक समिति
  - लेखा समिति
  - ऋण उपसमिति
  - साधारणसभा
- सहकारीका लागि आवश्यक नीति तथा कार्यविधिहरु
- सहकारी ऐन २०७४ - प्रमुख व्यवस्थाहरु
- कर्जा व्यवस्थापन - अवधारणा तथा व्यवहारिक प्रयोग
- अभिलेख व्यवस्थापन - महत्व तथा उपयोगिता

उपरोक्त विषयहरुका अलावा, अनुशिक्षण कार्यक्रमको क्रममा, सहकारीको क्षेत्रमा हालका दिनमा देखिएका विविध सम्भावना तथा चुनौतीहरुको बारेमा सहभागीहरु विच गहन अन्तरकृया गरिएको थियो ।

**प्रतिकृया तथा उपलब्धी :** उक्त अनुशिक्षण कार्यक्रको समाप्ती पश्चात, जटील सैद्धान्तीक विषको व्यवहारीक र प्रयोगात्मक ज्ञान, सहकारीका सिद्धान्तहरुको व्यवहारिक प्रयोग गर्न सहयोगी, दैनिक कार्य गर्ने क्रममा रहेका अस्पष्टता समाधान गर्नमा सहयोगी, कार्यक्रमको अवधी छोटो भयो, अझ लामो हुनु पर्ने, विषय बस्तुको छनौट उपयोगी भएको तथा आगामी दिनमा नया नया विषयहरु समेट्नु पर्ने तथा संस्थाका सबै पदाधिकारीहरु संगै बसेर तालिम लिदा थप प्रभावकारी भएको जस्ता सुझाव तथा प्रतिकृया सहभागीहरुवाट प्राप्त भएको थियो ।

उक्त एक दिने तालिमवाट वित्तीय संस्थाका साझेदार संस्थाहरुले सहकारी व्यवस्थापनका आधारभुत अवधारणा का साथै, अभिलेख, नीति नियम व्यवस्थापन तथा संस्थागत विकासका लागि संस्थामा आवद्ध सबै पदाधिकारीहरुले आ-आफ्नो जिम्मेवारी तथा भुमिका बारे आवश्यक जानकारी प्राप्त गरेकाले, निजहरुको संस्था सञ्चालन गर्ने कार्यका सकृय सहभागिता हुनगई साझेदार संस्थाको गुणस्तरमा विकास हुनेछ भन्ने अपेक्षा गरिएको छ ।




**अन्त्यमा :** उक्त तालिमको श्रोत व्यक्ती (प्रशिक्षक) को रुपमा लघुवित्त तथा सहकारिताको क्षेत्रमा लामो समयदेखी कार्य गर्दै आईरहनु भएका हरि प्रसाद भट्टराईको सेवा लिईएको थियो । वित्तीय संस्थाले आफ्ना साझेदार संस्थाहरुको समग्र संस्थागत क्षमता अभिबृद्धि गर्नको लागि आगामी दिनमा पनि नियमित रुपमा आफ्ना साझेदार संस्थाहरुको माग तथा आवश्यकता अनुसार विविध विषय वस्तुहरु समावेश गरि अन्य तालिमहरु आयोजना गर्दै जानेछ ।